# तुम्बेवा गाउँपालिकाको
# संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन,
# २०८०/८१

Firm
Address

# विषय सुची


परिच्छेद १ - गाउँपालिकाको परिचय........ 1

**१.१ गाउँपालिकाको जनसांख्यिक विवरण** ........ 1

परिच्छेद २ - संगठन तथा व्यवस्थापन सर्वेक्षण र विद्यमान अवस्था ........ 5

**२.१ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्नुको औचित्य** ........ 5

**२.२ प्रतिवेदन तयारी विधि** ........ 6

**२.३ कार्यालयको विद्यमान दरबन्दी संरचना** ........ 6

**२.४ हाल कार्यरत कर्मचारी विवरण** ........ 7

परिच्छेद ३ - प्रस्तावित सङ्गठन संरचना , शाखागत कार्य विवरण तथा दरबन्दीको तेरिज ........ 13

**३.१ प्रस्तावित विषयगत शाखा, इकाई तथा कार्यालय** ........ 13

**३.२ प्रस्तावित दरबन्दी** ........ 14

**३.३ दरबन्दीको तेरिज** ........ 16

**३.४ आर्थिक पक्षको विश्लेषण** ........ 18

**३.४ संगठन तथा व्यवस्थापन सम्बन्धि सुझाव** ........ 19

परिच्छेद ४ - अनुसूचीहरु........ 20

**अनुसूची १ : तुम्बेवा गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरण**........ 20

**अनुसूची २ : तुम्बेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना** ........ 25

**अनुसूची ३ : तुम्बेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका विषयगत शाखाहरुको कार्यविवरण**........ 26

**अनुसूची ४ : विषयगत शाखा र सेवा अन्तर्गत रहेका पदहरुको विवरण** ........ 44

**अनुसूची ५ : सशर्त अनुदान र पालिकाको स्विकृत कार्यक्रम अन्तर्गतका दरबन्दीमा कार्यरत करार तर्फको कर्मचारी विवरण** 46

# परिच्छेद १ - गाउँपालिकाको परिचय

## १.१ गाउँपालिकाको जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार तिम्बेवा गाउँपालिकाको जनसंख्या ११,१८९ र घरधुरी संख्या २७४७ रहेको छ| जनघनत्व ९५ रहेको तुम्बेवाका ५ वटा वडामा देहाय अनुसार जनसंख्या रहेको देखिन्छ|

Ward wise population distribution




## १.२ सार्वजनिक उपयोगिताका वस्तुहरुको प्रयोग

तिम्बेवाका ९२.६% घरहरु माटोको जोडाइ सहितक इटाबाट निर्माण भएका छन् र लगभग ९५% खाना पकाउने इन्धनको श्रोत दाउरा रहेको छ भने ९१ प्रतिशत घरधुरीहरुमा घर भित्र वा बाहिर गरेर खाने पानीको पाइप पुगेको छ| ६३% घरपरिवारले सोलार प्रयोग गर्छन भने झन्डै ७८ % घरहरुमा सेफ्टी ट्यांकी सहितको फ्लश सहितको शौचालय रहेको छ| त्यसै गरेर २२.१% घर परिवारहरुबाट वैदेशिक रोजगारीका लागि स्थानीयहरु जाने गरेका छन्|

## १.३ जातजाति र धर्म

यस गाउँपालिकामा विविध जातजातिहरुको बसोबास पाइन्छ। बाहुल्यता लिम्बू र राईहरुको देखिन्छ। यस बाहेक क्षेत्री, ब्राह्मण, राईर मगर, तामाङ, याक्खा, सुनुवार, नेवार, कामी, सार्की, दमाई जस्ता जातिहरुको पनि बसोबास रहेको छ भने कामी, सार्की, दमाई जस्ता दलितहरुको उपस्थिति न्यून संख्यामा छ। प्रतिशतका आधारमा पहाडी जनजाति तथा आदिवासीको संख्या कुल जनसंख्याको करिब ७१.३ प्रतिशत छ भने पहाडी ब्राह्मण, क्षेत्रीहरु करिब २४.० प्रतिशत छन्। तुलनात्मक रुपमा सबैभन्दा न्यून संख्यामा दलितहरु छन्। यसको संख्या कुल जनसंख्याको करिब ४.७ प्रतिशत हुन आँउछ। तथ्याङ्कगत रुपमा भन्नुपर्दा जनजातिको जनसंख्या करिब ९,३६१ र ब्राह्मण, क्षेत्रीहरुको जनसंख्या ३,१४३ र दलितको संख्या ६१९ रहेको छ। यससम्बन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

धर्मअनुसार तुम्वेवा गाउँपालिकामा हिन्दु, बौद्ध, किराँत र इसाई धर्ममा आस्था राख्नेहरु छन्। मुस्लिमबाहेक सबै धर्मावलम्बीहरुको बसोबास रहेको छ। संख्यात्मक हिसाबबाट भन्नुपर्दा सबैभन्दा बढी जनसंख्या किराँत धर्मावलम्बीहरुको छ। कुल जनसंख्या करिब ५१ प्रतिशत यिनै धर्मावलम्बीहरु छन्। यसपछि अधिक

उपस्थितिमा हिन्दु धर्मावलम्बीहरु ३३ प्रतिशत, बौद्ध धर्मावलम्बीहरु करिब १४ प्रतिशत र इसाईहरु सबैभन्दा न्यून संख्या करिब २ प्रतिशत छ।

## १.४ आर्थिक स्थिति

यस गाउँपालिकामा वसोवास गर्न मानिसहरुको मुख्य पेशा कृषि हो। यसका साथै नोकरी, उद्योग, व्यवसाय, ज्यालादारी, वैदेशिक रोजगारी र गृहणी पेसामा पनि यहाँका बासिन्दाहरुको आबद्धता पाइन्छ। गाउँपालिकाको पाश्र्वचित्र, २०७५ अनुसार करिब ५५७२ जनसंख्या कृषिमा आवद्ध छन्। त्यसैगरी नोकरीमा १७४ जना, उद्योग तथा व्यापारमा २१३ जना, ज्याला मजदूरमा १०६२ जना र गृहिणीमा ३८२ जना छन्। अन्न बाली, दलहन र तेलहनको उत्पादन हुँदै आएको र त्यसमध्ये थोरै परिणाममा बिक्री वितरण भए तापनि मूलतः अन्न बाली नै यस गाउँपालिकाको प्रमुख उत्पादन हो। यसअन्तर्गत धान, मकै, कोदो, र गहुँ पर्दछ।

गाउँपालिकामा रु ५० हजारदेखि रु १ लाख ५० हजारसम्म वार्षिक आय हुनेहरुको जनसंख्या तुलनात्मक रुपमा हधिक छ। कुल घरधुरीको करिब ३४.९ प्रतिशत यस वर्गमा पर्दछन्। रु ५० हजारभन्दा कम आय हुने र रु १ लाख ५० हजारदेखि रु २ लाख ५० हजारसम्मको वार्षिक आय हुनेहरुको घरधुरी संख्या करिब करिब बराबरीमा छन्। यसअन्तर्गत कुल घरधुरीको १८.८ प्रतिशत घरधुरी छ भने रु २ लाख ५० हजारदेखि रु ५ लाखसम्मको वार्षिक आय हुनेगरी करिब १९.४ प्रतिशत छन्। सोभन्दा बढी आय हुनेहरु करिब ८.२ प्रतिशत। त्यसैगरी व्ययतर्फ रु ५० हजारदेखि रु १ लाख ५० हजारसम्म वार्षिक खर्च गर्नेहरुको घरधुरी प्रतिशत करिब ५६.७ छ भने २४.८ प्रतिशत घरधुरीहरुले वार्षिक खर्च रु १ लाख ५० हजारदेखि रु २ लाख ५० हजारसम्म गर्ने गर्दछन्।

## १.४ कृषि क्षेत्र

तुम्वेवा गाउँपालिकाका अधिकांश जनसंख्या कृषि पेसामा आबद्ध भए पनि कृषिलाई मुख्य पेसा बनाई यसैमा संलग्न हुनेहरुको जनसङ्ख्या ५,५७२ अर्थात् कुल संख्याको करिब ४२.४ प्रतिशत छ। त्यसैगरी कुल घरधुरीको करिब ८२.६ प्रतिशत अर्थात २,२२८ घरधुरी पशुपक्षीपालनमा आबद्ध छन्। पशुपक्षीपालनमा तुलनात्मक रुपमा बढी संख्यामा आबद्ध हुनेहरुमा वडा नम्बर २ रहेको भने सो पश्चात् वडा नम्बर ५, ४, ३ र १ क्रमशः छन्।

व्यावसायिक रुपमा पशुपक्षीपालन गर्नेहरुमा ३ वटा फर्महरु छन्। यी फर्महरुबाट बाख्रापालन हुँदै आएको छ भने गाउँपालिकाभित्र ४७ वटा कृषक समूहहरु छन् जसअन्तर्गत १,१४४ सदस्यहरु छन्।

तुम्वेवा गाउँपालिका पाश्र्वचित्र, २०७५ अनुसार गाउँपालिकाको प्रमुख अन्न बालीहरु (धान, मकै, कोदो), दलहन उत्पादन (भटमास, सिमी ) र तेलहन उत्पादन (तोरी, सूर्यमुखी, तिल) पर्दछन्। अन्न बाली २६,५९९ रोपनी जग्गामा खेती हुँदै आएको छ भने दलहन र तेलहन क्रमशः २७३ र ५४ रोपनी जग्गामा खेती हुँदै आएको छ। उपरोक्त बालीबाहेक गाउँपालिकामा फलफूल, मसलेदार बाली (अदुवा, बेसार, लसुन, प्याज) र तरकारी बालीहरुको उत्पादन र त्यसले ओगटेको जग्गाको क्षेत्रफल यकिन छैन। तापनि यसरी गरिएको खेतीपाती व्यावसायिक रुपमा नभई जीविकोपार्जनका लागि परम्परागत घरायसी प्रयोजनका लागि मात्र हुँदै आएको छ।

## १.५ उद्योग व्यवसाय एवं वित्तीय सेवा

तुम्वेवा गाउँपालिका पाश्र्वचित्र, २०७५ अनुसार गाउँपालिकामा सञ्चालन रहेका उद्यम, व्यापार व्यवसायहरुको कुल संख्या १५७ वटा छ । यसअन्तर्गत संख्यात्मक रुपमा हेर्दा उद्योग व्यवसायको भन्दा व्यापार व्यवसायको संख्या अधिक छ। सेवा उद्योगतर्फ ४४ वटा साना तथा घरेलु उद्योग व्यवसायहरु सञ्चालनमा छन्। यसअन्तर्गत कुटानी पिसानी गर्ने डिजेल मिल १२ वटा, होटल रेस्टुरेन्ट ८ वटा, खाजानास्ता १० वटा, ब्युटीपार्लर ३ वटा र मर्मत केन्द्रको संख्या ५ वटा छ ।त्यसैगरी उत्पादनमूलक उद्योग तर्फ गाउँपालिकामा दूध डेरी व्यवसाय सञ्चालनमा छ, जसको संख्या ५ वटा छ। गाउँपालिकामा व्यापारतर्फ संख्या ११८ वटा पसलहरु सञ्चालनमा छन्। किराना पसलको मात्रै संख्या ५६ वटा छ। यसैगरी कपडा पसलको संख्या १६ वटा, निर्माण सामग्री बिक्री गर्ने पसल १, औषधी पसल ४, बिजुलीको पसल १२ वटा र अन्य पसलहरुको  संख्या २४ वटा छन्। उद्योग, व्यापार, व्यवसायहरु तुलनात्मक रुपमा ३ नम्बर वडामा बढी केन्द्रित छन्। त्यसपश्चात् वडा नम्बर ४ नम्बर र ५ छन्। संख्यात्मक रुपमा उल्लेख गर्दा वडा नम्बर ३ मा ४८ वटा, ४ नम्बर वडामा ३७ र ५ नम्बर वडामा २१ वटा छन्। दूध डेरी उद्योग वडा नम्बर ५ मा छ। यसरी व्यावसायिक हिसावमा वडा नम्बर ३ तुलनात्मक रुपमा अगाडि देखिन्छ त्यसपछि क्रमशः वडा नम्बर ४ र ५ आकर्षित छ। वडा नम्बर १ र २ मा उद्योग व्यवसायतर्फ थुप्रै कामहरु गर्नुपर्ने देखिन्छ।

## १.६ शिक्षा

गाउँपालिकामा उपलब्ध अभिलेखअनुसार पालिकामा साक्षर दर ८५ प्रतिशत छ भने निरक्षर १५ प्रतिशत छ। तहगत रुपमा गाउँपालिकाको शैक्षिक स्तरअनुसार जनसंख्या पूर्वप्राथमिक तहमा ७२५, आधारभूत तहमा ३१७७, माध्यमिक तहमा ३५८३, स्नातक तहमा ३११ र स्नातोत्तर तहमा ८६ छन्। ५ वर्ष माथिका लेखपढ गर्न सक्ने जनसंख्या १००७३ र निरपेक्षको संख्या १७७८ छ । ५ वर्ष मुनिका जनसंख्या १२८३ छ । गाउँपालिकामा आधारभूत विद्यालय ३४ र माध्यमिक विद्यालय ६ गरी जम्मा ४० वटा विद्यालयहरु सञ्चालनमा छन्। विद्यालयमा कुल १५७ जना शिक्षकहरु कार्यरत छन, त्यसमा पुरुष शिक्षक १०९ र महिला शिक्षिका ४८ जना छन् भने अध्ययनरत विद्यार्थीहरुको संख्या ३०८६ जना छन्, जसमा छात्राको संख्या १६०२ र छात्रको संख्या १४८४ छ । शिक्षक र विद्यार्थीको अनुपात १ः१९.६ अर्थात् औसतमा एक शिक्षकले २० जना विद्यार्थीलाई अध्यापन गर्नुपर्ने अवस्था देखिन्छ । गाउँपालिकाको विभिन्न वडाहरुमा जम्मा १० वटा वाल विकास केन्द्रहरु छन् र सामुदायिक सिकाइ केन्द्र १ वटा छ। अधिकांश बाल विकास केन्द्रमा भौतिक पूर्वाधारहरु खेल मैदान, तारबार र स्वच्छ खानेपानीको अभाव रहेको अवस्था छ।

## १.७ स्वास्थ्य

तुम्वेवा गाउँपालिका पाश्र्वचित्र, २०७५ अनुसार स्वास्थ्य जाँच परीक्षणका लागि वडा नम्बर २ मा सामुदायिक इकाइ र बाँकी वडाहरुमा स्वास्थ्य चौकी स्तरको स्वास्थ्य सेवा उपलब्ध छ। बर्थिङ सेवा वडा नम्बर ३ र ४ मा मात्रै उपलब्ध छ। तापनि स्वास्थ्य चौकीहरु क्लिनिक, परिवार नियोजन, खोप सेवा, सुरक्षित मातृत्व, पोषण र स्वास्थ्यसम्बन्धी शिक्षा तथा परामर्श सेवाहरुमा मात्र उपलब्ध छन् भने ल्याव सेवा, एक्सरे सेवा, एससिटी सेवा,

रक्तसञ्चार सेवा लगायतका अन्य आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध छैन । गाउँपालिकामा सञ्चालित स्वास्थ्य सेवा (स्वास्थ्य चौकी/सामुदायिक इकाइ) हरुमा जम्मा ३० जना जनशक्तिहरु कार्यरत छन् । यसअन्तर्गत हेल्थ असिस्टेन्ट ५ जना, अहेव ९ जना, अनमी ९ जना अन्य सहयोगी कर्मचारी ७ रहेका छन् । जनस्वास्थ्य निरीक्षक ३ जना, ल्याव असिष्टेण्ट ५ जना रहेका छन् । स्वास्थ्य सेवाहरुमा चिकित्सकीय एंव नर्सिङ सेवा उपलब्ध छैन र ल्याव टेक्निसियन सेवा पनि उपलब्ध छैन ।

यस गाउँपालिकाको पाश्र्वचित्र, २०७५ अनुसार गत वर्ष स्वास्थ्य चौकीमा प्रसूति हुनेको संख्या ९५ थियो भने यस वर्ष सो अभ्यासमा वृद्धि भई १०२ पुगेको छ । गत वर्ष गर्भावस्थामा ४ पटकसम्म जाँच गराउनेको संख्या १०२ थियो भने गर्भवतीमा टिटि खोप लिनेको संख्या पहिलो पटक ३०४ र दोस्रो पटक ( पहिलो खोप लिएको एक महिना पछि) पनि टिटि खोप लिनेको संख्या ३०४ छ । टिटि खोप लिएको आधारमा सबै गर्भवती महिलाहरु स्वास्थ्य चौकीमा आई प्रसूति गराउनेको संख्या अझै कम देखिन्छ ।

## १.७ पूर्वाधार

तुम्वेवा गाउँपालिकाका सबै वडाहरु सडक सञ्जालले जोडिएको छ । गाउँपालिका पाश्र्वचित्र, २०७५ अनुसार गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरुमा कुल ३०१ किमि सडक निर्माण भएका छन् । सार्वजनिक यातायातका साधनहरु खासगरी जीपजस्ता स–साना साधनहरु सञ्चालन हुँदै आएका छन् । गाउँपालिका विभिन्न क्षेत्रहरु पालिका केन्द्रसँग सडक सञ्जालबाट जोडिएको छ । मौवा बजारबाट सडक सञ्जालबाट जोडिएका क्षेत्रहरुमा लखुन दोभान, दशमीबजार र डिहीबजार रहेका छन् । यसैगरी गाउँपालिकाको विभिन्न क्षेत्रहरुबाट एकआपसमा सडक सञ्जाल बाट जोडिएका छन् । यसै क्रममा हात्तीकिच्चेबाट जरायोटार, वरबोटे र पेकुवा दोभानसम्म, त्रिवेणीबाट तामाङटोल, चाँगेली र यावारा दोभानसम्म, तीनघरेबाट ओखरबोटे र चितुवाखर्कसम्म, साधुगाउँदेखि सुकेपोखरी र मान्द्रखोलासम्म, आहालडाँडा देखि मसले र नरसिंडाँडासम्म, पसलटारदेखि डिहीखोला र याङ्खु खोलासम्म, ओखरेबोटेदेखि गंगेटार र सावाँ खोलासम्म, बरबोटेदेखि धुवाखोला र चिनेडाँडासम्म, भाङ्गटारदेखि नर्सरी र अँधेरी खोलासम्म, सावाँ खोलादेखि कार्की गाउँ र जोरसल्ले सम्म, तिल्केनीबाट दशमी र हात्तीपाइलेसम्म सडक जोडिएको छ । यसैगरी बिजुली भन्ज्याङदेखि एक्लेवरसम्म, चित्रेडाँडादेखि बुधुकसम्म, मिक्तोकचोक देखि हाप्पारासम्म  देउराली देखि पिप्लेसम्म, झाकोटदेखि सूर्यटोलसम्म, मगर्नीआहालदेखि फिकुवाटोलसम्म, रातामाटेदेखि धनुचौतारासम्म, युनाइटेड बोर्डिङदेखि बाँझोखेतसम्म, बोगटी भन्ज्याङदेखि ढुङ्गेखोलासम्म, पिङडाँडादेखि चितुवाखर्कसम्म, चिलाउनेदेखि जाँतेसम्म र भण्डारीखोपदेखि नेपालडाँडासम्म सडक निर्माण भएको छ । यसरी गाउँपालिकाभित्र सडक सञ्जालहरु बिस्तार भई एकआपसमा छन् । तापनि अधिकांश सडकहरु कच्ची छन् र वर्षातको समयमा मुस्किलले यातायातहरु सञ्चालनमा आउँछन् ।

# परिच्छेद २ - संगठन तथा व्यवस्थापन सर्वेक्षण र विद्यमान अवस्था

## २.१ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्नुको औचित्य

कोशी प्रदेशका प्रत्येक स्थानीय तहको आफ्नै भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक विशिष्टता हुने र सो अनुरुपक सेवा प्रवाह र विकासका पृथक आवश्यक हुन्छन | यस प्रकृतिको विविधतालाई उचित रुपमा व्यवस्थापन गर्दै नागरिकका पृथक अपेक्षाहरु पुरा गर्न सबै स्थानीय तहले पृथक किसिमका नीति, रणनीति, प्राथमिकता, योजना र कार्यक्रम निर्माण गरेका हुन्छन | उक्त नीति, रणनीति, प्राथमिकता, योजना र कार्यक्रम अनुसार सेवाप्रवाह र विकास योजना कार्यन्वयन गर्न पृथक प्रकृतिका संगठन आवश्यक हुन्छन | साथै प्रत्येक पालिकामा रहेको कर्मचारी तन्त्रको कार्यसंस्कृति र व्यवहार पनि फरक हुन्छन | यसर्थ पालिकाले तय गरेको दुरदृष्टि, रणनीति, योजना र कार्यक्रम अनुरुपको स्थानीय कर्मचारीतन्त्र निर्माण गर्न र कर्मचारीतन्त्रलाइ प्रोत्साहित गर्दै कार्यसंस्कृतिलाइ पालिकाको प्राथमिकता अनुरुप परिचालन गर्न संगठन तथा व्यस्थापन सर्वेक्षण प्रतेवेदन आवश्यक छ | साथै स्थानीय तहमा कार्यरत कर्मचारीहरुको बढुवा, सरुवा तथा पदपूर्ति, पदस्थापन, नियुक्ति लगायतका वृत्ति विकास र स्थानीय सेवाको व्यवस्थापन सम्बन्धि कार्यलाई सहज, पारदर्शी, अनुमानयोग्य र एककृत गर्न पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण आवश्यक पर्दछ | यसका अतिरिक्त प्रशासनिक खर्च र आयको अवस्थालाइ दृष्टिगत गर्दै जनशक्तिको आवश्यकता र श्रोतको पर्याप्तताका बीच तालमेल मिलाउन पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण आवश्यक हुन्छ |

यस सन्दर्भमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा(गठन तथा संचालन) ऐन, २०८० को दफा ३ ले स्थानीय सरकारी सेवाको गठन सम्बन्धि व्यवस्था गरेको छ | यस अन्तर्गत ८ वटा स्थानीय सेवाको परिकल्पना गरिएको छ भने दफा ४ को उपदफा (१) र उपदफा (२) ले अधिकृतस्तरका छैटौं तह देखि एघारौं तह सम्मका र सहायकस्तरका तेश्रो, चौथो, पाँचौ र आधारभूत तहका प्राविधिक र अप्राविधिक पदहरुसहित तहगत पदसोपन प्रणालीको व्यवस्था गरेको छ | यसै गरि दफा ४ कै उपदफा ३ ले स्थानीय सरकारी सेवाको विभिन्न तहमा सम्बन्धित गाउँ सभा वा नगरसभाबाट स्विकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसारका पदहरु रहने व्यवस्था गरेको छ |

सोहि ऐनको दफा ७ ले सो ऐन जारी भएको मितिले ३ महिना सम्ममा प्रदेश किताबखानामा पददर्ता गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा कर्मचारी समायोजनका बखत संघीय सरकारबाट जारी भएको संगठन संरचनालाइ पालिकाको सेवा प्रवाहको आवश्यकता र विकासको प्राथमिकता अनुसार परिमार्जन(थप/घट) गर्नु, स्वास्थ्य सेवालाइ हालको ऐनले समेटेको तर साविकको सङ्गठन संरचनामा स्वास्थ्य तर्फको दरबन्दी नभएकोले सो को व्यवस्थापन गर्नु तथा प्रदेश सरकारबाट स्थानीय सेवा व्यवस्थापन सम्बन्धि ऐन जारी नभएको अवस्थामा स्थायी

पदपूर्ति नभई सेवा करार गरि पदपूर्ति गरिएका स्थायी प्रकृतिका पदहरुलाई क्रमिक रुपमा विस्थापित गर्दै जानु र विषयगत क्षेत्र अनुसारका शाखा, उपशाखा र कार्य विवरण निर्क्योल गर्नु यस प्रतिवेदनको उद्देश्य रहेको छ | साविकको स्विकृत पदहरुमा लोकसेवा आयोग तथा प्रदेश लोकसेवाबाट सिफारिस भई आएका तथा समायोजन भएका कर्मचारीहरुको सो ऐन अनुसार स्वत: तह वृद्धि र तहमिलान भएको तर साविकको सङ्गठन संरचनामा दरबन्दी नरहेको अवस्थामा सङ्गठन संरचनामा सो विषय मिलान गर्नुपर्ने अवस्था रहेको छ |

## २.२ प्रतिवेदन तयारी विधि

संघीय सरकारबाट २०७६ सालमा जारी भएको तुम्बेवा गाउपालिकको संगठन संरचना, हाल गाउँपालिका कार्यालयमा विभिन्न सेवा, समूह, तहमा कार्यरत स्थायी र करार सेवाका कर्मचारीहरुको संख्यात्मक तथ्याँक, कार्यरत शाखा प्रमुख र अन्य कर्मचारीहरुसंगको अन्तरक्रिया, गाउँपालिकाका अध्यक्ष्य, जनप्रतिनिधि र अन्य सरोकारवाला हरुसंगको अन्तरक्रिया र अन्य पालिकाहरुको अभ्यास समेतलाइ मध्यनजर गरि सेवा प्रवाहलाई प्राथमिकतामा राखी श्रोतको पर्याप्तता र कर्मचारीहरुको सुझावलाइ दृष्टिगत गरि यो प्रतिवेदन तयार गरिएको छ |यो प्रतिवदन देहायअनुसारका विधि प्रयोग गरि तयार गरिएको छ ।

१. हाल कार्यरत कर्मचारी, दपूर्तिको अवस्था अध्ययन र प्रशासनिक खर्च तथा स्विकृत संगठन संरचना अध्ययन

२ पालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेटहरुको अध्ययन

३. शाखा प्रमुख र कार्यालयमा कार्यरत कर्मचारी र अन्य पदाधिकारीहरुसँग छलफल

४. अन्य पालिकाको संगठन संरचना र संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन

## २.३ कार्यालयको विद्यमान दरबन्दी संरचना

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७६ सालमा जारी भएको संगठन संरचनामा कार्यालयमा रहने गरि १९ वटा तथा ५ वटा वडा कार्यालयमा १० वटा गरि देहाय अनुसारका २९ वटा स्थायी दरबन्दी स्विकृत भएको थियो | उक्त दरबन्दी भन्दा बाहेक गाउँपालिकाका (साविक स्थानीय निकायका) स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिम काम गर्नुपर्ने, सङ्गठन संरचना भित्र नपरेका सरसफाई, दमकल संचालन, एम्बुलेन्स संचालन, नगर प्रहरी जस्ता कर्मचारीलाइ कार्यरत पदमै काम गर्ने र पद रिक्त भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार सेवा करारबाट पदपूर्ति गर्ने व्यवस्था रहेको थियो | उक्त संरचनामा स्वास्थ्य सेवा , कृषि सेवा लगायात अन्य सेवामा नेपाल सरकारका निकायहरुमा कार्यरत रही स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको दरबन्दीको व्यवस्था भएको थिएन |

*तालिका 1 हालको स्विकृत संगठन संरचना*

| क्र. सं | पद | तह | सेवा | समूह | उपसमूह | स्विकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जिनियरिंग | सिभिल | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि. प्र. | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | |
| ६ | आन्तरिक लेखा परीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | |
| ८ | कम्पुटर अपरेटर | ५ औं | विविध | | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | |
| १० | प्राविधिक सहायक | ५ औं | शिक्षा | शि. प्र. | | १ | |
| ११ | हेल्थ असिस्टेन्ट | ५/६ औं | स्वास्थ्य | हे.इ | | १ | |
| १२ | सब इन्जिनियर | ५ औं | इन्जिनियरिंग | सिभिल | | १ | |
| १३ | असिस्टेन्ट सब इन्जिनियर | चौथो | इन्जिनियरिंग | सिभिल | | १ | |
| १४ | सहायक म.वि.नि | चौथो | विविध | | | १ | |
| १५ | खा.पा.स.टे | चौथो/ पाँचौ | इन्जिनियरिंग | सिभिल | स्यानिटरी | १ | |
| १६ | **कार्यालय तर्फ जम्मा** | | | | | **१९** | |
| १७ | वडा कार्यालय ५ वटा | | | | | | |
| १८ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | २ | |
| १९ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिंग | सिभिल | | २ | |
| २० | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ३ | |
| २१ | अ. सब. इन्जिनियर | चौथो | इन्जिनियरिंग | सिभिल | | ३ | |
| २२ | **वडा कार्यालय तर्फ जम्मा** | | | | | **१०** | |
| २३ | **कुल जम्मा** | | | | | **२९** | |

## २.४ हाल कार्यरत कर्मचारी विवरण

स्थायी, सेवा करार, डोर हांजिरीमा गरि अनुसूची १ को विवरण अनुसारका ९० जना कर्मचारीहरु हाल गाउँपालिका कार्यालय, वडा समितिको कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत देखिन्छ | कार्यरत कर्मचारीहरुलाई समग्रमा देहाय अनुसार वर्गीकरण गरि विश्लेषण गर्न सकिन्छ |

*तालिका 2 विषयगत क्षेत्र अनुसार कार्यरत कर्मचारी संख्या*

| विषयगत क्षेत्र | करार | डोर | स्थायी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| स्वास्थ्य | २१ | | ९ | ३० | ३२.५८ |
| तह विहिन | १६ | ३ | | १९ | २१.३५ |
| कृषि | ७ | | ४ | ११ | १२.३६ |

| विषयगत क्षेत्र | करार | डोर | स्थायी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| पूर्वाधार | ३ | | ४ | ७ | ७.८७ |
| प्रशासन | | | ७ | ७ | ७.८७ |
| आर्थिक विकास | ५ | | | ५ | ५.६२ |
| स्वास्थ्य-आयुर्वेद | २ | | १ | ३ | ३.३७ |
| स्वास्थ्य-अन्य | ३ | | | ३ | ३.३७ |
| सामाजिक विकास | २ | | | २ | २.२५ |
| सुचना प्रविधि | २ | | | २ | २.२५ |
| शिक्षा | | | १ | १ | १.१२ |
| जम्मा | ६० | ४ | २६ | ९० | १००.०० |

आयुर्वेद अन्तर्गत ३ जना तथा स्वास्थ्यका अन्य क्षेत्र अन्तर्गत ३ जना गरि ६ जना तथा स्वास्थ्य क्षेत्र अन्तर्गत २९ जना गरि ३५ जना कर्मचारी (झन्डै ४०%) स्वास्थ्य क्षेत्रबाट देखिन्छ भने ड्राइभर र कार्यालय सहयोगी गरि १९ जना तहविहिन रहेको देखिन्छ | विषयक्षेत्र अन्तर्गत सबै भन्दा बढी प्राथमिकता स्वास्थ्य क्षेत्र र त्यसपछि क्रमैसँग कृषि(१२%), पूर्वाधार, आर्थिक विकास र सबै भन्दा कम प्राथमिकता शिक्षा क्षेत्रले प्राप्त गरेको देखिन्छ | उल्लिखित कर्मचारीहरु देहाय अनुसारका कार्यालय/स्थानमा कार्यरत देखिन्छ |

***<u>तालिका 3 विषय क्षेत्रगत रुपमा कार्यरत कर्मचारी संख्या</u>***

| क्षेत्र | हाल कार्यरत निकाय | करार | डोर | स्थायी | कुल जम्मा |
|---|---|---|---|---|---|
| **स्वास्थ्य** | स्वास्थ्य चौकी मौवा | ४ | | ३ | ७ |
| **स्वास्थ्य** | स्वास्थ्य चौकी वलने | ६ | | | ६ |
| **स्वास्थ्य** | स्वास्थ्य चौकी आङना | ४ | | १ | ५ |
| **स्वास्थ्य** | स्वास्थ्य चौकी हागुम | २ | | २ | ४ |
| **स्वास्थ्य** | आधारभूत स्वास्थ्य केन्द्र चुवाड़े | ३ | | | ३ |
| **स्वास्थ्य** | सामुदायिक स्वास्थ्य एकाई वलने | २ | | | २ |
| **स्वास्थ्य** | तुम्बेवा गा पा स्वास्थ्य इकाई | | | २ | २ |
| ***स्वास्थ्य जम्मा*** | | ***२१*** | | ***८*** | ***२९*** |
| **तह विहिन** | गाउँ कार्यपालिकाको कार्यालय | ५ | २ | | ७ |
| **तह विहिन** | वलने स्वास्थ्य इकाई | | १ | | १ |
| **तह विहिन** | आधारभूत स्वास्थ्य केन्द्र | १ | | | १ |
| **तह विहिन** | विषयगत शाखा कार्यालय | १ | | | १ |
| **तह विहिन** | आङ्ना स्वास्थ्य चौकी | १ | | | १ |
| **तह विहिन** | वडा नं. ४ को कार्यालय | १ | | | १ |
| **तह विहिन** | वडा नं. ५ को कार्यालय | १ | | | १ |
| **तह विहिन** | मौवा पंचमी आयुर्वेद औषधालय | १ | | | १ |
| **तह विहिन** | वलने स्वास्थ्य चौकी | १ | | | १ |
| **तह विहिन** | मौवा स्वास्थ्य चौकी | | १ | | १ |
| **तह विहिन** | हाङगुम स्वास्थ्य चौकी | १ | | | १ |
| **तह विहिन** | वडा नं. १ को कार्यालय | १ | | | १ |

| क्षेत्र | हाल कार्यरत निकाय | करार | डोर | स्थायी | कुल जम्मा |
|---|---|---|---|---|---|
| **तह विहिन** | वडा नं. २ को कार्यालय | १ | | | १ |
| ***तह विहिन जम्मा*** | | ***१५*** | ***३*** | | ***१९*** |
| **कृषि** | कृषि विकास शाखा | ४ | | | ४ |
| **कृषि** | पशु सेवा शाखा | | | २ | २ |
| **कृषि** | वडा नं. २ पशु सेवा इकाई | १ | | | १ |
| **कृषि** | पशु सेवा इकाई वडा नं. ५ | १ | | | १ |
| **कृषि** | वडा नं. ५ को कार्यालय | | | १ | १ |
| **कृषि** | पशु सेवा इकाई वडा नं. ४ | १ | | | १ |
| **कृषि** | वडा नं. २ को कार्यालय | | | १ | १ |
| ***कृषि जम्मा*** | _ | ***७*** | _ | ***४*** | ***११*** |
| **पूर्वाधार** | गाउँ कार्यपालिकाको कार्यालय | ३ | | ४ | ७ |
| **पूर्वाधार जम्मा** | | **३** | | **४** | **७** |
| **प्रशासन** | गाउँ कार्यपालिकाको कार्यालय | | | ४ | ४ |
| **प्रशासन** | वडा नं. ३ को कार्यालय | | | १ | १ |
| **प्रशासन** | वडा नं. ४ को कार्यालय | | | १ | १ |
| **प्रशासन** | वडा नं. १ को कार्यालय | | | १ | १ |
| ***प्रशासन जम्मा*** | _ | _ | _ | ***७*** | ***७*** |
| **आर्थिक विकास** | उद्यम विकास शाखा | २ | | | २ |
| **आर्थिक विकास** | रोजगार सेवा केन्द्र | २ | | | २ |
| **आर्थिक विकास** | रोजगार शाखा | १ | | | १ |
| ***आर्थिक विकास जम्मा*** | _ | ***५*** | _ | _ | ***५*** |
| **स्वास्थ्य-आयुर्वेद** | मौवा पंचमी आयुर्वेद औषधालय | २ | | | २ |
| **स्वास्थ्य-आयुर्वेद** | गाउँ कार्यपालिकाको कार्यालय | | | १ | १ |
| *स्वास्थ्य-आयुर्वेद जम्मा* | _ | *२* | _ | *१* | *३* |
| **स्वास्थ्य-अन्य** | गाउँ कार्यपालिकाको कार्यालय | २ | | | २ |
| **स्वास्थ्य-अन्य** | हाङगुम स्वास्थ्य चौकी | १ | | | १ |
| स्वास्थ्य-अन्य जम्मा | _ | ३ | _ | _ | ३ |
| **सामाजिक विकास** | फिल्ड | २ | | | २ |
| **सामाजिक विकास जम्मा** | | **२** | | | **२** |
| **सुचना प्रविधि** | गाउँ कार्यपालिकाको कार्यालय | १ | | | १ |
| **सुचना प्रविधि** | एम आइ एस शाखा | १ | | | १ |
| *सुचना प्रविधि जम्मा* | _ | *२* | _ | _ | *२* |
| **शिक्षा** | शिक्षा, युवा तथा खेलकुद शाखा | | | १ | १ |
| *शिक्षा जम्मा* | _ | _ | _ | *१* | *१* |
| **कुल जम्मा** | | ६० | ४ | २५ | ८९ |

त्यसै गरि तहगत विश्लेषण गर्दा कार्यरत कर्मचारीहरुको देहाय अनुसार विवरण हेर्दा झन्डै ४१ % कर्मचारी चौथो तहका, २६% पाँचौ तह, ९% छैटौं र २% सातौँ तहको देखिन्छ |

***तालिका 4 कार्यरत कर्मचारीको तहगत विवरण***

| तह | करार | डोर | स्थायी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| सहायकस्तर चौथो | २९ | | ९ | ३६ | ४०.४५ |
| सहायकस्तर पाँचौं | ११ | | १२ | २३ | २५.८४ |
| तह विहिन | १५ | ३ | | १९ | २१.३५ |
| अधिकृतस्तर छैटौं | ४ | | ४ | ८ | ८.९९ |
| अधिकृतस्तर सातौं | | | २ | २ | २.२५ |
| NA | १ | | | १ | १.१२ |
| **कुल जम्मा** | **६०** | **४** | **२६** | **९०** | **१००** |

स्थायी कर्मचारीको सेवा समूह अन्तर्गत देहाय अनुसारको वर्गीकरण देखिन्छ |

***तालिका 5 कार्यरत कर्मचारीको तहगत विवरण सेवा सहित***

| **सेवा/समूह** | **करार** | **डोर** | **स्थायी** | **कुल जम्मा** |
|---|---|---|---|---|
| **इन्जिनियरिङ्ग** | | | **४** | **४** |
| सिभिल | | | ४ | ४ |
| करार | ६० | ४ | | ६४ |
| - | ६० | ४ | | ६४ |
| **कृषि** | | | **४** | **४** |
| भेटेरिनरी | | | २ | २ |
| ला.पो.डे.डे. | | | २ | २ |
| **प्रशासन** | | | **७** | **७** |
| आन्तरिक लेखा परीक्षण | | | १ | १ |
| लेखा | | | ३ | ३ |
| सामान्य प्रशासन | | | ३ | ३ |
| **शिक्षा** | | | **१** | **१** |
| शिक्षा प्रशासन | | | १ | १ |
| **स्वास्थ्य** | | | **९** | **९** |
| आयुर्वेद | | | १ | १ |
| कम्युनिटि नर्सिंग | | | ५ | ५ |
| हे इ | | | ३ | ३ |
| **कुल जम्मा** | **६०** | **४** | **२५** | **८९** |

त्यसै गरि सेवा करारमा कार्यरत कर्मचारीहरुको तहगत विवरण हेर्दा स्वास्थ्य सेवा तर्फका चौथो तहका कर्मचारी तथा तहविहिन कर्मचारीहरुको संख्या धेरै र देहाय अनुसार देखिन्छ |

*तालिका 6 कार्यरत कर्मचारीहरुको तहगत तथा पदीय विवरण*

| क्र.सं | पद/तह | अधिकृतस्तर छैटौं | सहायकस्तर पाँचौं | सहायकस्तर चौथो | तह विहिन | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | | | | १७ | १७ |
| २ | ल्या अ | | | ३ | | ३ |
| ३ | सवारी चालक | | | | २ | २ |
| ४ | ना.प्रा.स. कृषि | | | २ | | २ |
| ५ | सामाजिक परिचालक | | | २ | | २ |
| ६ | असिष्टेण्ट.सव– इन्जिनियर | | | २ | | २ |
| ७ | सब इन्जिनियर | | १ | | | १ |
| ८ | इन्जिनियर | १ | | | | १ |
| ९ | प्रा.स. कृषि | | १ | | | १ |
| १० | पशु प्राविधिक | | | ३ | | ३ |
| ११ | **अ.हे.व.** | | | ९ | | ९ |
| १२ | **हे.अ.** | ३ | ५ | | | ८ |
| १३ | **अ.न.मि.** | १ | ४ | ५ | | १० |
| १४ | अभ्यंङगकर्ता | | | २ | | २ |
| १५ | बैद्य | | | १ | | १ |
| १६ | EDF सहजकर्ता | | | २ | | २ |
| १७ | CBRF | | | २ | | २ |
| १८ | अपांगता सहायता सहजकर्ता | | | १ | | १ |
| १९ | कृषि स्नातक प्राविधिक | १ | | | | १ |
| २० | सूचना प्रविधि अधिकृत | १ | | | | १ |
| २१ | रोजगार संयोजक | १ | | | | १ |
| २२ | रोजगार सहायक | | १ | | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | फिल्ड सहायक | | | १ | | १ |
| २४ | पोषण स्वयंसेवक | | | १ | | १ |
| २५ | **कुल जम्मा** | **८** | **१२** | **३६** | **१९** | **७५** |

# परिच्छेद ३ - प्रस्तावित सङ्गठन संरचना , शाखागत कार्य विवरण तथा दरबन्दीको तेरिज

## ३.१ प्रस्तावित विषयगत शाखा, इकाई तथा कार्यालय

सशर्त अनुदान अन्तर्गतका कार्यक्रम, परियोजना र पालिकाको स्विकृत कार्यक्रमबाट सिर्जित दरबन्दी बाहेक ७० वटा स्थायी दरबन्दी र ४१ वटा करार तर्फका दरबन्दी गरि जम्मा १११ वटा दरबन्दी रहने गरि देहाय अनुसारका ७ वटा विषयगत शाखा र उपशाखा रहने गरि अनुसूची २ अनुसारको सङ्गठन संरचना प्रस्ताव गरिएको छ |

| क्र.सं | शाखा | इकाई / कार्यालय |
|---|---|---|
| १ | योजना तथा प्रशासन शाखा | सामान्य प्रशासन इकाई, योजना इकाई, जिन्सी इकाई, कानून इकाई, अध्यक्षको निजी सचिवालय, नगरप्रहरी इकाई, सवारी चालक इकाई, दर्ता चलानी/सोधपुछ/सहयोगी इकाई, वडा समितिको कार्यालय |
| २ | आर्थिक प्रशासन शाखा | लेखा इकाई, राजस्व इकाई |
| ३ | आन्तरिक लेखा प्रशासन शाखा | |
| ४ | पूर्वाधार विकास शाखा | पूर्वाधार इकाई, घरनक्सा इकाई, वडागत सेवा इकाई |
| ५ | आर्थिक विकास शाखा | उद्यम, रोजगार तथा सहकारी इकाई, कृषि विकास इकाई, पशु सेवा इकाई, वडागत सेवा इकाई |
| ६ | सामाजिक विकास शाखा | "महिला, बालबालिक तथा जेष्ठ नागरिक इकाई", "वातावरण, विपद तथा सरसफाई इकाई", "शिक्षा, युवा तथा खेलकुद इकाई" |
| ७ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा, आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र/सामुदायिक स्वास्थ्य इकाई |

## ३.२ प्रस्तावित दरबन्दी

यस अघि उल्लेख गरिएका शाखाहरुमा निम्नानुसारका स्थायी र करार तर्फका दरबन्दीहरु प्रस्ताव गरिएको छ |

| शाखा | करार सेवा | स्थानीय इन्जिनियरिङ सेवा | स्थानीय कानून सेवा | स्थानीय कृषि सेवा | स्थानीय प्रशासन सेवा | स्थानीय वन तथा वातावरण सेवा | स्थानीय शिक्षा सेवा | स्थानीय स्वास्थ्य सेवा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | | | | | १ | | | | १ |
| आ.ले.प शाखा | १ | | | | १ | | | | २ |
| आर्थिक प्रशासन शाखा | १ | | | | २ | | | | ३ |
| आर्थिक विकास शाखा | २ | | | ६ | १ | | | | ९ |
| पूर्वाधार विकाश शाखा | १ | १० | | | १ | | | | १२ |
| योजना तथा प्रशासन शाखा | २१ | | १ | | ११ | | | | ३३ |
| सामाजिक विकास शाखा | २ | | | | १ | १ | ३ | | ७ |
| स्वास्थ्य शाखा | १३ | | | | | | | ३२ | ४५ |
| आयुर्वेद औंषधालय | ४ | | | | | | | | ४ |
| **जम्मा** | ४५ | १० | १ | ६ | १८ | १ | २ | ३२ | ११६ |

स्वास्थ्य शाखा र मातहतका ५ वटा आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी र २ वटा स्वास्थ्य सेवा केन्द्र/सामुदायिक स्वास्थ्य इकाईहरुका लागि १३ वटा करार तथा ३२ वटा स्थायी दरबन्दी प्रस्ताव गरिएको छ | स्वास्थ्य सेवालाइ प्राथमिकता राख्ने पालिकाको नीति रहेको जानकारी छलफलमा प्राप्त भएको र नेपाल सरकारबाट पहाडी तथा हिमाली क्षेत्रका स्थानीय तहहरुका आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीहरुमा सेवा करार तर्फ १ वटा ल्याबअसिस्टेन्ट र १ वटा कार्यालय सहयोगी गरि २ वटा तथा देहाय अनुसारका ५ वटा स्थायी दरबन्दी रहने गरि गरिएको प्रस्ताव अनुरुप यो दरबन्दी प्रस्ताव गरिएको हो |

अनुसुचीः १.१

स्वास्थ्य चौकी पहाड र हिमाली जिल्ला (२३९०) संस्था) को संगठन संरचना




[१] ल्याब असिष्टेण्ट र का.स.को पदपुर्ती आवश्यकताको आधारमा करारमा नियुक्त गर्न सकिने छ ।

स्वास्थ्य तर्फका उल्लिखित दरबन्दी र नेपाल सरकारको सशर्त अनुदान अन्तर्गत रहेका कार्यक्रमबाट सृजना भएको दरबन्दी बाहेक आयुर्वेद औषधालय व्यवस्थापनका लागि गाउँसभाबाट स्विकृत आयुर्वेद चिकित्सा प्रणाली  कार्यक्रमबाट संचालन गर्ने गरि  देहाय अनुसारका करार तर्फका दरबन्दीहरु स्विकृत हुन आवश्यक देखिएको छ |

क. सहायकस्तर चौथो, वैद्य  १ वटा
ख. सहायकस्तर चौथो, अभ्यंङगकर्ता १ वटा
ग. कार्यालय सहयोगी, तहविहिन १ वटा

स्वास्थ्य सेवाका दरबन्दी पश्चात सबैभन्दा बढी दरबन्दीहरु योजना तथा प्रशासन शाखा अन्तर्गत रहेको छ | सेवा करार गरिनुपर्ने २१ वटा, प्रशासन सेवा तर्फ ११  वटा र कानून तर्फ १ वटा गरि ३३ वटा पद हरु प्रशासन शाखामा रहेका छन् | २१ वटा सेवा करार तर्फका दरबन्दीहरुको पुष्ट्याई देहाय अनुसार रहेको छ |

क. गाउँपालिका अध्यक्षको निजी सचिव , १ वटा (कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ को उपदफा (३) अनुसार हुने गरि)
ख. नगर प्रहरी हवल्दार १ ,वटा (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(क) बमोजिमको काम, कर्तव्य र अधिकार अनुसार  कार्य सम्पादन गर्ने )
ग. नगर प्रहरी जवान, ५ वटा (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(क) बमोजिमको काम, कर्तव्य र अधिकार अनुसार  कार्य सम्पादन गर्ने )
घ. हलुका सवारी चालक, २ वटा (हाल कार्यरत २ जना)
ङ. कार्यालय सहयोगी, १२ वटा
    - अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष, २ वटा
    - प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षा, १ वटा
    - वडा समितको कार्यालय, ५ वटा
    - प्रशासन, जिन्सी, कानून (न्यायिक समिति), दर्ता चलानी तथा सोधपुछ, ४ वटा

तुम्बेवा गाउँपालिकामा हाल प्रशासन सेवा, लेखा समुहका ५औं तहमा ३ जना लेखापाल कार्यरत रहेका छन् | गाउँपालिकामा १ जना लेखापाल भए कार्यसम्पादन हुन सक्ने अवस्थामा हाल २ जना लेखापालहरुलाई वडा समितको कार्यालयहरुमा वडा सचिवको रुपमा खटाइएको पाइएको छ भने छलफलको क्रममा कार्यसम्पादन राम्रो रही उक्त  दरबन्दी रहने गरि संगठन संरचना तयार गर्न पाइएको सुझाव अनुरुप कुनै कारणले पद रिक्त भएमा

पदपूर्ति नगरिने विषय खुलाई वडा समितिको कार्यालयहरुमा २ वटा लेखा समूह ५/६ तहको दरबन्दी प्रस्ताव गरिएको छ भने उक्त पदहरु रिक्त रहेको अवस्थामा उक्त पदहरुको पदपूर्ति नगरिने र प्रशासन सेवा, सामान्य प्रशासन समुह, साहयक स्तर चौथो तहको ५ वटा दरबन्दीबाट वडा सचिवको भूमिका निर्वाह हुने गरि प्रत्येक वडा समितिको कार्यालयमा प्रशासन सेवा, सामान्य प्रशासन समुहको चौथो तहको दरबन्दी राखिएको छ | वडा समितिको कार्यालयबाट पूर्वाधार, कृषि विकास तथा पशु सेवा अन्तर्गतका सेवा प्रदान गर्ने उद्देश्यले सम्बन्धित विषयगत शाखा मातहत रहने गरि प्रत्येक वडा समितिको कार्यालयमा वडागत सेवा इकाईहरु रहने व्यवस्था संगठन संरचनामा प्रस्ताव गरिएको छ |

योजना तथा प्रशासन शाखा पछाडी तेश्रो धेरै दरबन्दी (१२ वटा) रहेको पूर्वाधार विकास शाखामा १ जना सातौँ/आठौ तहको नेतृत्वमा २-२ वटा वडा हेर्ने गरि २ वटा ५/६ औं तहको दरबन्दी तथा घरनक्सा र १ वटा वडा हेर्ने गरि थप १ वटा ५/६ औं तहको सब-इन्जिनियर/इन्जिनियरको दरबन्दी प्रस्ताव गरिएको छ भने १ वटा अमिनको दरबन्दी पनि प्रस्ताव गरिएको छ | स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको गाउँपालिकाको काम, कर्तव्य र अधिकार अनुरुपको कार्यसम्पादन गर्नका लागि विषयगत शाखाहरुलाई आवश्यक पर्ने कार्यविवरण अनुसूची ३ मा राखिएको छ |

## ३.३ दरबन्दीको तेरिज

यसै गरि उक्त विषयगत शाखा र सेवा अन्तर्गत रहेका पदहरुको विवरण अनुसूची ४ राखिएको छ भने सेवा समुह र तहगत दरबन्दी विवरण अनुसूची ५ मा व्यवस्था गरिएको छ | प्रस्तावित स्थायी पद तथा हाल कार्यरत कर्मचारी संख्या भिडान गर्दा देहाय अनुसारको पदपूर्तिको अवस्था देखिन्छ |

***तालिका 7 स्थायी दरबन्दीको तेरिज***

| सेवा | समूह | तह | जम्मा | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| प्रशासन | सामान्य प्रशासन | अधिकृतस्तर सातौँ /आठौँ | २ | १ | १ |
| प्रशासन | सामान्य प्रशासन | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | ३ | ० | ३ |
| प्रशासन | सामान्य प्रशासन | सहायकस्तर चौथो | ८ | २ | ६ |
| प्रशासन | लेखा | अधितस्तर सातौं/अधिकृतस्तर आ7ौं | १ | ० | १ |
| प्रशासन | लेखा | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | ३ | ३ | ० |
| प्रशासन | लेखा परीक्षण | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | १ | ० |
| प्रशासन | विविध | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | ० | १ |
| कानून | कानून | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | ० | १ |
| शिक्षा | शिक्षा प्रशासन | सहायकस्तर सातौं/अधिकृतस्तर आ7ौं | १ | ० | १ |
| | शिक्षा प्रशासन | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | ० | १ |
| शिक्षा | शिक्षा प्रशासन | सहायकस्तर चौथो | १ | १ | ० |
| स्वास्थ्य | आयुर्वेद | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं/सातौँ | १ | १ | ० |
| स्वास्थ्य | आयुर्वेद | सहायकस्तर चौथो | १ | १ | ० |
| स्वास्थ्य | कम्युनिटि नर्सिंग | सहायकस्तर चौथो/सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १२ | ५ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य | हेल्थ इन्सपेक्सन | सहायकस्तर चौथो/सहायकस्तर पाचौं | ११ | १ | १० |
| स्वास्थ्य | हेल्थ इन्सपेक्सन | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | ६ | ३ | ३ |
| वन तथा वातावरण | - | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | ० | १ |
| इन्जिनियरिङ | सिभिल | अधिकृतस्तर सातौं /आठौं | १ | ० | १ |
| इन्जिनियरिङ | सिभिल | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | ३ | २ | १ |
| इन्जिनियरिङ | सिभिल | सहायकस्तर चौथो | ५ | २ | ३ |
| इन्जिनियरिङ | सर्भे | सहायकस्तर चौथो | १ | ० | १ |
| कृषि | कृषि प्रसार | सहायकस्तर चौथो | १ | ० | १ |
| कृषि | बाली संरक्षण | अधिकृतस्तर सातौं/अधिकृतस्तर आठौं | १ | ० | १ |
| कृषि | बाली संरक्षण | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | १ | ० |
| कृषि | भेटरीनरी | सहायकस्तर चौथो | १ | १ | ० |
| कृषि | भेटरीनरी | अधिकृतस्तर सातौं/अधिकृतस्तर आठौं | १ | १ | ० |
| कृषि | भेटरीनरी | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | १ | ० |
| कृषि | ला.पो डे.डे | सहायकस्तर चौथो | १ | १ | ० |
| कृषि | ला.पो | सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं | १ | १ | ० |
| कुल जम्मा | | | ७३ | २९ | ४५ |

यसै गरि संगठन संरचनामा भएको करार सेवाको दरबन्दी र हाल सेवा करारमा कार्यरत कर्मचारीको विवरण मिलान गर्दा करार तर्फका पदहरुको देहाय अनुसारको तेरिज रहने देखिन्छ |

| सेवा | तह | पद | जम्मा | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| करार | सहायकस्तर चौथो | ल्याब असिस्टेन्ट | ५ | ३ | २ |
| करार | तहविहिन | अध्यक्षको निजी सचिव | १ | ० | १ |
| करार | तहविहिन | नगर प्रहरी हवल्दार | १ | ० | १ |
| करार | तहविहिन | नगर प्रहरी जवान | ५ | ० | ५ |
| करार | तहविहिन | कार्यालय सहयोगी | २७ | १७ | १० |
| करार | तहविहिन | हलुका सवारी चालक | २ | २ | ० |
| जम्मा | | | ४१ | २२ | १९ |

***<u>तालिका 8 संगठन संरचनामा रहेको कारार पदहरुको पदपूर्तिको अवस्था</u>***

उल्लिखित विवरणहरु अनुसार देहाय अनुसारका पदहरु पदपूर्ति र रिक्त रहेको देखिन्छ भने अनुसूची ५ अनुसारका ४२ वटा पदहरु मध्ये सशर्त अनुदान तर्फका कार्यक्रम तथा गाउँपालिकाको वार्षिक बजेटबाट स्विकृत कार्यक्रम र परियोजना बाहेकका दरबन्दीमा कार्यरत करार तर्फका कर्मचारीहरु

| **पद** | **प्रस्तावित दरबन्दी** | **पदपूर्ति** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|
| स्थायी | ७५ | २५ | ५० | |
| संगठन संरचनामा रहेको करार पदहरु | ४१ | २३ | १८ | |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा (क)** | **११६** | **४८** | **६८** | |
| **संगठन संरचनामा नरहेका करार तर्फका पदहरु (ख)** | **-** | **४२** | **-** | |
| **कुल जम्मा(क) +(क)** | | **९०** | | **हाल कार्यरत** |

उल्लिखित तालिका अनुसार हाल स्थायी तर्फ ५० वटा र करार तर्फ १८ वटा गरि जम्मा  वटा पद रिक्त छन् भने अनुसूची ५ को  ४२ वटा पदहरु मध्ये सशर्त अनुदान अन्तर्गतका र गाउँपालिकाको वार्षिक बजेटबाट स्विकृत कार्यक्रम र परियोजनामा स्विकृत भएका पद बाहेकका पदहरुमा कार्यरत रहेका कर्मचारीहरुलाई सङ्गठन संरचनामा भएका स्थायी र करार पदहरु पदपूर्ति गरि विस्थापित गर्नुपर्ने देखिन्छ भने दरबन्दी बिना करारमा कार्यरत कर्मचारीहरुसंगको सम्झौतालाइ समाप्त गर्नुपर्ने देखिन्छ |

## ३.४ आर्थिक पक्षको विश्लेषण

प्रस्ताव गरिएको सङ्गठन संरचना तथा परियोजनागत र कार्यक्रमगत दरबन्दीहरुको पदपूर्ति हुँदा नगरपालिकालाई देहाय अनुसारको व्ययभार पर्ने देखिन्छ।

| *क्र.सं* | *कर्मचारी वर्गीकरण* | *संख्या* | *वार्षिक तलब* |
|---|---|---|---|
| १ | प्रशासन र कानून सेवा | १९ | *12076662.30* |
| २ | शिक्षा | ३ | *1848846.00* |
| ३ | स्वास्थ्य | ३२ | *20051379.90* |
| ४ | वन तथा वातावरण | १ | *663475.70* |
| ५ | इन्जिनियरिंग | १० | *6181294.20* |
| ६ | कृषि | ८ | *4930256.00* |
| ७ | दरबन्दी करार | ४१ | *19799411.80* |
| ८ | कार्यक्रम करार | २ | *927519.60* |
| १५ | कुल जम्मा | 116 | *66478846.00* |

### ३.४ संगठन तथा व्यवस्थापन सम्बन्धि सुझाव

# परिच्छेद ४ - अनुसूचीहरु

## अनुसूची १ : तुम्बेवा गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरण

| क.सं | नाम थर | पद | कर्मचारी संकेत नं | नियुक्ति | हाल कार्यरत निकाय | क्षेत्र | हाल कार्यरत तह | सेवा | समूह/ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | केशव कुमार थापा | वरिष्ठ कविराज निरीक्षक | 181236 | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | स्वास्थ्य-आयुर्वेद | अधिकृतस्तर सातौं | स्वास्थ्य | आयुर्वेद | |
| २ | बिकाश थापा | हे अ | | स्थायी | तुम्बेवा गा पा स्वास्थ्य इकाई | स्वास्थ्य | अधिकृत स्तर छैटौ | स्वास्थ्य | हे इ | |
| ३ | बिनिता गौतम | हे अ | २१३२९२ | स्थायी | तुम्बेवा गा पा स्वास्थ्य इकाई | स्वास्थ्य | अधिकृत स्तर छैटौ | स्वास्थ्य | हे इ | |
| ४ | लक्ष्मी भण्डारी | सि.अ.न.मी. पाँचौं | 170309 | स्थायी | स्वास्थ्य चौकी आङना | स्वास्थ्य | सहायकस्तर पाँचौं | स्वास्थ्य | कम्युनिटि नर्सिंग | |
| ५ | चन्द्र साँवा | जनस्वास्थ्य निरिक्षक | 214735 | स्थायी | स्वास्थ्य चौकी मौवा | स्वास्थ्य | अधिकृतस्तर छैटौं | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | |
| ६ | सविना कुँवर | अ.न.मी. पाँचौं | 220149 | स्थायी | स्वास्थ्य चौकी मौवा | स्वास्थ्य | सहायकस्तर पाँचौं | स्वास्थ्य | कम्युनिटि नर्सिंग | |
| ७ | हेमन्ता सेडाइ | अ.न.मी. पाँचौं | 225545 | स्थायी | स्वास्थ्य चौकी मौवा | स्वास्थ्य | सहायकस्तर पाँचौं | स्वास्थ्य | कम्युनिटि नर्सिंग | |
| ८ | ढाकामाया लिम्बु | अ.न.मी. पाँचौं | 226236 | स्थायी | स्वास्थ्य चौकी हागुम | स्वास्थ्य | सहायकस्तर पाँचौं | स्वास्थ्य | कम्युनिटि नर्सिंग | |
| ९ | प्रेमिका सुब्बा | सि.अ.न.मी. छैठौं | 155986 | स्थायी | स्वास्थ्य चौकी हागुम | स्वास्थ्य | अधिकृतस्तर छैटौं | स्वास्थ्य | कम्युनिटि नर्सिंग | |
| १० | कृष्णबहादुर पुन | अ.हे.व. | | स्थायी | स्वास्थ्य शाखा | स्वास्थ्य | सहायकस्तर चौथो | स्वास्थ्य | हे इ | |
| ११ | राजेन्द्र पौडेल | प्रा.स. शिक्षा | 239913 | स्थायी | शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा | सहायकस्तर चौथो | शिक्षा | शिक्षा प्रशासन | |
| १२ | हेमन्त तिम्सिना | अधिकृत सातौं (प्रशासन) | | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | प्रशासन | अधिकृतस्तर सातौं | प्रशासन | सामान्य प्रशासन | |
| १३ | राजेश भण्डारी | आ.ले.प. | 238701 | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | प्रशासन | सहायकस्तर पाँचौं | प्रशासन | आन्तरिक लेखा परीक्षण | |
| १४ | टेक बहादुर खत्री | लेखापाल | - | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | प्रशासन | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | |
| १५ | नन्दलाल गिरी | सहायक चौथो (प्रशासन) | | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | प्रशासन | सहायकस्तर चौथो | प्रशासन | सामान्य प्रशासन | |
| १६ | खेम बहादुर थापा | लेखापाल/सचिव | - | स्थायी | वडा नं. १ को कार्यालय | प्रशासन | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | |
| १७ | विमला भण्डारी | लेखापाल/सचिव | - | स्थायी | वडा नं. ३ को कार्यालय | प्रशासन | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | |
| १८ | राकेश तुम्वापो | सहायक चौथो/ सचिव | 237879 | स्थायी | वडा नं. ४ को कार्यालय | प्रशासन | सहायकस्तर चौथो | प्रशासन | सामान्य प्रशासन | |

| क्र.सं | नाम थर | पद | कर्मचारी संकेत नं | नियुक्ति | हाल कार्यरत निकाय | क्षेत्र | हाल कार्यरत तह | सेवा | समूह/ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | तपराज भट्ट | पशु स्वास्थ्य प्राविधिक | - | स्थायी | पशु सेवा शाखा | कृषि | सहायकस्तर पाँचौं | कृषि | भेटेरिनरी | |
| २० | विवेक सुवेदी | नायब पशु सेवा प्राविधिक | - | स्थायी | पशु सेवा शाखा | कृषि | सहायकस्तर चौथो | कृषि | ला.पो.डे.डे. | |
| २१ | पर्शुराम लामिछाने | नायब पशु स्वास्थ्य प्राविधिक | - | स्थायी | वडा नं. २ को कार्यालय | कृषि | सहायकस्तर चौथो | कृषि | भेटेरिनरी | |
| २२ | विशेश्वर चौधरी | पशु सेवा प्राविधिक | - | स्थायी | वडा नं. ५ को कार्यालय | कृषि | सहायकस्तर पाँचौं | कृषि | ला.पो.डे.डे. | |
| २३ | भुनेश्वरी रैखोला | सब इन्जिनियर | - | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | सहायकस्तर पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | |
| २४ | खगेन्द्र कटुवाल | सब इन्जिनियर | - | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | सहायकस्तर पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | |
| २५ | नन्द किशोर मेहता | असिष्टेण्ट.सव–इन्जिनियर | 241018 | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | सहायकस्तर चौथो | इन्जिनियरिङ्ग | सिभिल | |
| २६ | गोपाल प्रसाद. कार्की | खा.पा.स.टे. | 241067 | स्थायी | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | सहायकस्तर चौथो | इन्जिनियरिङ्ग | सिभिल | |
| २७ | मोहन भट्टराई | सवारी चालक | - | डोर | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| २८ | मचिन्द्र सम्बाहाम्फे वि.क. | सवारी चालक | - | डोर | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| २९ | सृजना सम्बाहाम्फे | कार्यालय सहयोगी | | डोर | मौवा स्वास्थ्य चौकी | तह विहिन | तह विहिन | करार | | |
| ३० | लोकेन्द्र कुमार दमाई | कार्यालय सहयोगी | | डोर | वलने स्वास्थ्य इकाई | तह विहिन | तह विहिन | करार | | |
| ३१ | दिलेन्द्र माङलाक | कार्यालय सहयोगी | - | करार | आङ्ना स्वास्थ्य चौकी | तह विहिन | तह विहिन | करार | | |
| ३२ | कमल कार्की | कार्यालय सहयोगी | - | करार | आधारभूत स्वास्थ्य केन्द्र | तह विहिन | तह विहिन | करार | | |
| ३३ | गंगा मगर | अ.हे.व. | - | करार | आधारभूत स्वास्थ्य केन्द्र चुवाड़े | स्वास्थ्य | सहायकस्तर चौथो | करार | | |
| ३४ | भूमिका सेन्चुरी | अ.न.मि. | | करार | आधारभूत स्वास्थ्य केन्द्र चुवाड़े | स्वास्थ्य | सहायक स्तर चौथो | करार | | |
| ३५ | रचना ढकाल | हे.अ. | | करार | आधारभूत स्वास्थ्य केन्द्र चुवाड़े | स्वास्थ्य | सहायकस्तर पाँचौं | करार | | |
| ३६ | अर्जुन दाहाल | EDF सहजकर्ता | - | करार | उद्यम विकास शाखा | आर्थिक विकास | सहायकस्तर चौथो | करार | | |

| क्र.सं | नाम थर | पद | कर्मचारी संकेत नं | नियुक्ति | हाल कार्यरत निकाय | क्षेत्र | हाल कार्यरत तह | सेवा | समूह/ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | जहासिं कुरुम्बाङ | EDF सहजकर्ता | - | करार | उद्यम विकास शाखा | आर्थिक विकास | सहायकस्तर चौथो | करार | | |
| ३८ | फुलमाया लिम्बु | फिल्ड सहायक | - | करार | एम आइ एस शाखा | सुचना प्रविधि | सहायकस्तर चौथो | करार | | |
| ३९ | विप्लव ओझा | कृषि स्नातक प्राविधिक | - | करार | कृषि विकास शाखा | कृषि | अधिकृतस्तर छैटौं | करार | | |
| ४० | जीना श्रेष्ठ | प्रा.स. कृषि | - | करार | कृषि विकास शाखा | कृषि | सहायकस्तर पाँचौं | करार | | |
| ४१ | वन्दना थाम्सुहाङ | ना.प्रा.स. कृषि | - | करार | कृषि विकास शाखा | कृषि | सहायकस्तर चौथो | करार | | |
| ४२ | प्रतिक कुरुम्बाङ | ना.प्रा.स. कृषि | - | करार | कृषि विकास शाखा | कृषि | सहायकस्तर चौथो | करार | | |
| ४३ | अशेष थापा | इन्जिनियर | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | अधिकृतस्तर छैटौं | करार | | |
| ४४ | युवराज खनाल | सूचना प्रविधि अधिकृत | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | सुचना प्रविधि | अधिकृतस्तर छैटौं | करार | | |
| ४५ | फडिन्द्र रामदाम | असिष्टेण्ट.सव–इन्जिनियर | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | सहायकस्तर चौथो | करार | | |
| ४६ | जय प्रकाश लिम्बु | असिष्टेण्ट.सव–इन्जिनियर | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | पूर्वाधार | सहायकस्तर चौथो | करार | | |
| ४७ | यामनाथ भट्टराई | पोषण स्वयंसेवक | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | स्वास्थ्य-अन्य | | करार | | |
| ४८ | बन्दना खत्री | अपांगता सहायता सहजकर्ता | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | स्वास्थ्य-अन्य | सहायकस्तर चौथो | करार | | |
| ४९ | रविन्द्र रामदाम | कार्यालय सहयोगी | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ५० | मेघ प्रसाद लावती | कार्यालय सहयोगी | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ५१ | जीवन खड्का | कार्यालय सहयोगी | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ५२ | ममता सम्बाहाम्फे | कार्यालय सहयोगी | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ५३ | कविन्द्र नेपाली | कार्यालय सहयोगी | - | करार | गाउँ कार्यपालिकाको कार्यालय | तह विहिन | तह विहिन | करार | | |

| क्र.सं | नाम थर | पद | कर्मचारी संकेत नं | नियुक्ति | हाल कार्यरत निकाय | क्षेत्र | हाल कार्यरत तह | सेवा | समूह/ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५४ | रविन्द्र थापा | पशु प्राविधिक | - | करार | पशु सेवा इकाई वडा नं. ४ | कृषि | सहायकस्तर चौथो | करार | | |
| ५५ | कविन्द्र तामाङ | पशु प्राविधिक | - | करार | पशु सेवा इकाई वडा नं. ५ | कृषि | सहायकस्तर चौथो | करार | | |
| ५६ | टंक खड्का | सामाजिक परिचालक | - | करार | फिल्ड | सामाजिक विकास | सहायकस्तर चौथो | करार | | |
| ५७ | निसा घिमिरे | सामाजिक परिचालक | - | करार | फिल्ड | सामाजिक विकास | सहायकस्तर चौथो | करार | | |
| ५८ | अर्चना राजवंशी | बैद्य | - | करार | मौवा पंचमी आयुर्वेद औषधालय | स्वास्थ्य-आयुर्वेद | सहायकस्तर चौथो | करार | | |
| ५९ | ध्रुव थापा | अभ्यंङगकर्ता | - | करार | मौवा पंचमी आयुर्वेद औषधालय | स्वास्थ्य-आयुर्वेद | तह विहिन | करार | | |
| ६० | विक्रम थापा | कार्यालय सहयोगी | - | करार | मौवा पंचमी आयुर्वेद औषधालय | तह विहिन | तह विहिन | करार | | |
| ६१ | टेकेन्द्र कार्की | सब इन्जिनियर | - | करार | रोजगार शाखा | आर्थिक विकास | सहायकस्तर पाँचौं | करार | | |
| ६२ | नरेन्द्र खड्का | रोजगार संयोजक | - | करार | रोजगार सेवा केन्द्र | आर्थिक विकास | अधिकृतस्तर छैटौं | करार | | |
| ६३ | दीपना लिम्बु | रोजगार सहायक | - | करार | रोजगार सेवा केन्द्र | आर्थिक विकास | सहायकस्तर पाँचौं | करार | | |
| ६४ | डम्बर बहादुर तामाङ | कार्यालय सहयोगी | - | करार | वडा नं. १ को कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ६५ | कुल बहादुर मगर | कार्यालय सहयोगी | - | करार | वडा नं. २ को कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ६६ | दिपक कार्की | पशु प्राविधिक | | करार | वडा नं. २ पशु सेवा इकाई | कृषि | सहायकस्तर चौथो | करार | | |
| ६७ | कल्पना राई | कार्यालय सहयोगी | - | करार | वडा नं. ४ को कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ६८ | शेर बहादुर अधिकारी | कार्यालय सहयोगी | - | करार | वडा नं. ५ को कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ६९ | विक्रम राई | कार्यालय सहयोगी | - | करार | वलने स्वास्थ्य चौकी | तह विहिन | तह विहिन | करार | | |

| क्र.सं | नाम थर | पद | कर्मचारी संकेत नं | नियुक्ति | हाल कार्यरत निकाय | क्षेत्र | हाल कार्यरत तह | सेवा | समूह/ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७० | वीरेन्द्र खड्का | कार्यालय सहयोगी | | करार | विषयगत शाखा कार्यालय | तह विहिन | तह विहिन | करार | | |
| ७१ | नारदमणि मगर | अ.हे.व. | - | करार | सामुदायिक स्वास्थ्य एकाई वलने | स्वास्थ्य | सहायकस्तर चौथो | करार | | |
| ७२ | मुना साँवा | अ.न.मि. | | करार | सामुदायिक स्वास्थ्य एकाई वलने | स्वास्थ्य | सहायक स्तर चौथो | करार | | |
| ७३ | कुसाङ्ग सम्बाहाम्फे | हे.अ. | | करार | स्वास्थ्य चौकी आङना | स्वास्थ्य | सहायक पाचौं | करार | | |
| ७४ | केशब सोडारी | अ.हे.व. | | करार | स्वास्थ्य चौकी आङना | स्वास्थ्य | सहायक स्तर चौथो | करार | | |
| ७५ | पवित्रा कुमारी लिम्बु | अ.न.मि. | | करार | स्वास्थ्य चौकी आङना | स्वास्थ्य | सहायक स्तर चौथो | करार | | |
